# भाग ५

नेपाल सरकार

## कृषि विकास मन्त्रालयको

### सूचना

नेपाल सरकारले विंषादी समितिद्वारा खण्ड ६१, संख्या १६, मिति २०६८।४।१६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाको क्र.सं. २३४ देखि २५० सम्म पञ्जिकरण भएका इण्डोसल्फान नामक विषादीको पञ्जिकरण खारेज गर्ने निर्णय भएको व्यहोरा जीवनाशक विषादी नियमावली, २०५० को नियम ६ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरेको छ।

साथै नेपाल सरकारले सो सूचना प्रकाशन हुनु अघि आयात वा उत्पादन भई मौज्दातमा रहेका ती विषादीहरू यो सूचना प्रकाशन भएको मितिले दुई वर्षसम्म प्रयोग वा किनबेच गरी सक्नु पर्ने निर्णय गरेको व्यहोरा समेत सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरेको छ।

**आज्ञाले,**
**जय मुकुन्द खनाल**
**नेपाल सरकारको सचिव**

नेपाल सरकार

## शहरी विकास मन्त्रालयको

### सूचना १

नेपाल सरकारले नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी बागलुङ जिल्लाको देहायको चार किल्लाभित्र पर्ने क्षेत्रलाई समेटी बुर्तिबाङ नगर विकास समिति गठन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

पूर्वः खुङ्गा र भिङ्गिठे गा.वि.स. ।



४८१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिमः राजकुत र देवीस्थान गा. वि.स.।
उत्तरः अधिकारीचौर र बुङ्गा गा.वि.स.।
दक्षिणः दर्लिङ गा.वि.स.।

## सूचना २

नेपाल सरकारले नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ लें दिएको अधिकार प्रयोग गरी कपिलवस्तु जिल्लाको देहायको चार किल्लाभित्र पर्ने क्षेत्रलाई समेटी चन्द्रौटा नगर विकास समिति गठन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

पूर्वः चनई गा.वि.स. र लालपुर गा.वि.स. ।
पश्चिमः शिवपुर गा.वि.स. र विष्णुपुर गा. वि.स. ।
उत्तरः शिवपुर गा.वि.स. ।
दक्षिणः जवाभारी गा.वि.स. ।

## सूचना ३

नेपाल सरकारले नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी मोरङ जिल्लाको देहायको चार किल्लाभित्र पर्ने भातिगाछ, कटहरी, बैजनाथपुर, झोराहठ, हात्तीमुडा, टंकेसिनुवारी र लखन्तरी गा.वि.स.को क्षेत्रलाई समेटी बिराटनगर नगर विकास समितिको क्षेत्र विस्तार गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**पूर्वः** मजारे, सिसवानी, जहडा, भौडाहा, शिद्धरहा, तेतरिया गा.वि.स.हरुको सिमाना,

**पश्चिमः** भारतको बोर्डर, सुनसरी जिल्लाको अमडुवा, रामगञ्ज (बेलगाछिया), पूर्व कुसाहा, भालुवा तथा दुहबी गा.वि.स.को सिमाना

**उत्तरः** सुनसरी जिल्लाको दुहबी गा.वि.स, मोरङ जिल्लाको सिसवानी बडहरा, डंग्राह र तेतरिया गा.वि.स.को सिमाना,

**दक्षिणः** सुनसरी जिल्लाका बुद्धनगर र मजारे गा.वि.स.र भारतको बोर्डर ।

**आज्ञाले,**

**किशोर थापा**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.ह.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।